सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली, नेपाल

# लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८०/०६/२१

उपर्युक्त सम्बन्धमा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०८० अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराउने सचेतनामूलक, जानकारीमूलक तथा सार्वजनिक हित सम्बन्धी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०८० को अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन सहित देहाय बमोजिमका कागजात संलग्न गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सम्पर्क राख्नहुन जानकारी गराईन्छ।

देहायः

(क) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(ख) प्रचलित कानुनबमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानुनबमोजिम लिइएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाणको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनलाइनको हकमा सूचना बिभागबाट दर्ता र नविकरणको प्रमाणपत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारणमा रहेको पत्र,

(ङ) टेलिभिजनको हकमा इजाजत अनुसार भू-उपग्रह, भू-सतही तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,

(च) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक बर्ष पुरा भएको प्रमाणपत्र,

(छ) अख्तियारवाला बाहेक सञ्चारमाध्यमले अन्य व्यक्ति पठाएमा अख्तियारीपत्र।

२०८०-०६-२९

शाखा अधिकृत
दिपेन्द्र सिंह बिष्ट